नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ,कैलाली

धनगढी,नेपाल

**विषय: प्रस्ताव आव्हान सम्बन्धी पुन प्रकाशित सुचना ।**

पुन: सुचना प्रकाशन मिति: २०८१/१०/२०

यस कार्यालयको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत चैते धानको क्षेत्रफल विस्तार कार्यक्रम सञ्चालन गर्न यस अघि विभिन्न मितिमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा दर्ता भएका प्रस्तावहरुको कागजात अध्ययन तथा फिल्ड भेरिफिकेशन गर्दा कार्यक्रमको तोकिएको वार्षिक लक्ष्य (६०० हे.) पुरा नभएको हुँदा यस कार्यालयमा नियमानुसार सूचीकृत भएका इच्छुक कृषक समुह/कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था/कृषि फर्म/जल उपभोक्ता समितिहरुले आवश्यक कागजातहरु सहित मिति २०८१।१०।२५ गते भित्र यस परियोजना कार्यान्वयन एकाइ धनगढी, कैलाली वा कैलारी गाउपालिका-८,लौसा वा भजनी नगरपालिका -०१ भजनी बजार स्थित यस परियोजना कार्यान्वयन एकाइको सम्पर्क स्थलहरुमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्न हुन सम्वन्धित सबैका लागी यो सुचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र. सं. | कार्यक्रमको नाम | एकाई | लक्ष्य परिमाण | बजेट(रु. लाखमा) | कार्यक्रम लागु हुने क्षेत्र |
|---|---|---|---|---|---|
| १ | चैते धानमको क्षेत्रफल विस्तार | हेक्टर | ६०० | ५१ | गहुँ सुपरजोन, धान जोन, तेलहन जोन, माछा जोन |

आवश्यक कागजातहरुः

१. रु. १० को हुलाक टिकट टाँस गरेको अनुसुचि-१० अनुसारको निवेदन।

२. परियोजनाले निर्दिष्ट गरेको कार्यक्रम प्रस्ताव फाराम (piukailali.pmamp.gov.np बाट डाउनलोड गर्न सकिने)।

३. आवेदक संस्थाको निर्णयको प्रतिलिपी।

४. खेती गर्ने कृषकको जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए करार सम्झौताको प्रतिलिपी।

५. सम्वन्धित वडा कार्यालयको सिफारिस।

६. स्थायी लेखा नं. (PAN), कर चुक्ता प्रमाणपत्र र लेखा परिक्षण प्रतिवेदन ।

नोटः यस अघि यस कार्यालयमा सूचिकृत हुन छुटेका समुह/सहकारी/जल उपभोक्ता समिति/निजी फर्महरुले समेत नियमानुसार सूचीकृत गराइ प्रस्ताव पेश गर्न सक्नेछन।साथै यस अघि यस आवेदन दर्ता गराइसकेका सेवाग्राही हरुले पुनः निवेदन दर्ता गर्नु पर्ने छैन।

..................

गोविन्द राज जोशी

(वरिष्ठ कृषि अधिकृत )



CamScanner